कार्यपालिका बैठक संख्या : १४३
बैठक मिति : २०८१/०९/१२, शुक्रवार
नेपाल सम्वत् ११४५ थिंलागा द्वादशी
अध्यक्षता : नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं.: १**

(क) इटहरी उपमहानगरपालिका क्षेत्र भित्रका भवन/संरचनाको निर्माण कार्यको इजाजत प्रदान गर्न तोकिएको मापदण्ड अनुसारको वाटोको आवश्यक पर्दछ । यस क्रममा इटहरी उपमहानगरपालिका स्थित सुनसरी मोरङ्ग सिंचाई आयोजना अन्तर्गत रहेका नहर आसपासमा भवन/संरचना निर्माण इजाजतका लागि पेश हुन आएका निवेदनका सन्दर्भमा यस कार्यालयको प्राविधिक अध्ययन अनुसार उक्त स्थानमा नापी नक्साको वाटो नभई नहर प्रयोजनका लागि निर्माण गरिएको वाटो (इन्स्पेक्सन रोड) रहेको देखिन्छ। उक्त इन्स्पेक्सन रोड र निवेदकको जग्गाको वीचमा पनि सुनसरी मोरङ्ग सिंचाई आयोजनाको जग्गा रहेको अभिलेखमा देखिन्छ। यस पछि मात्र निवेदकको निजी जग्गा रहेको छ। नक्सा र फिल्ड दुवैमा निवेदकको जग्गा र वाटो आपसमा जोडिएको देखिदैन । यसरी चलन चल्तिको वाटो ( इन्स्पेक्सन रोड) र त्यस पछिको जग्गा पनि आयोजनाको स्वामित्वमा देखिएको अवस्थामा निर्माण इजाजतका लागि पेश भएका वा पेश हुन आउने निवेदनको सम्वन्धमा छलफल गर्दा सम्वन्धित वडा कार्यालयले त्यस्ता प्रकृतिका भवन/संरचनाको लागि आवस्यक पर्ने वाटोलाई "चलन चल्तिको बाटो रहेको भनी" सिफारिस गरेमा उक्त प्रकृतिका भवन/संरचनालाई तोकिएको प्रक्रिया अनुसार अभिलेखीकरण गर्ने निर्णय गरियो ।

(ख) इटहरी उपमहानगरपालिका भित्र निर्माण भई सकेका तोकिएको मापदण्ड पुगेका भवन /संरचनाको अभिलेखीकरण गर्ने प्रयोजनका लागि चालु आ.व.को मिति २०८१/०९/१२ देखि मिति २०८२/०३/३१ (असार मसान्त) सम्मको समयावधि कायम रहने गरी निर्णय गरियो ।

(ग) इटहरी उपमहानगरपालिका अन्तर्गत भवन निर्माण अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाद्वारा सम्पादन हुने कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि तपसिल अनुसारका मापदण्ड वनाउँने निर्णय गरियो ।

तपसिल :

(क) भवन/ संरचना निर्माण सम्वन्धी मापदण्ड ।
(ख) e-BPS सम्वन्धी मापदण्ड ।
(ग) अभिलेखीकरण सम्वन्धी मापदण्ड ।

(घ) घर नक्सा पास नभएका घरमा व्यवसाय गरी आएका व्यवसायी वा धरधनीवाट घरको क्षेत्रफल (वर्ग फिट) को आधारमा अभिलेखीकरण कर असुली गरिएका घरहरूका लागि पछि घर नक्सा वनाई अभिलेखीकरण गर्न आएमा निजले पहिले तिरेको अभिलेखीकरण दस्तुर समेत जोडी हाल कायम हुन आउंने अभिलेखीकरण दस्तुरमा मिलान गर्ने निर्णय गरियो ।

(ङ) भवन/संरचनाको अभिलेखिकरण गर्दा लाग्ने दस्तुरको १००% (शत प्रतिशत) जरिवाना थप गरी अभिलेखिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २

(क) कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७(१) वमोजिम तह वृद्धि गरी पाऊँ भनी निर्धारित समयसीमाभित्र यस इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा प्राप्त भएका निवेदन र आवश्यक कागजातहरुको अध्ययन मनन् गरी ऐनको दफा २७(४) अनुसारको तहवृद्धि सिफारिस समितिले तपशीलमा उल्लेखित कर्मचारीहरुलाई तह वृद्धि गर्न नगर कार्यपालिकाको कार्यालयलाई मिति २०८१/०४/१३ गते आइतवारका दिन सिफारिस गरेको देखिदा निज कर्मचारीहरुलाई ऐ. ऐनको दफा २७(१) वमोजिम तहवृद्धि गर्न मनासिव देखिएकाले सो तहवृद्धि प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम, थर | हाल कायम रहेको पद/तह | तह वृद्धी हुने पद/तह | कैफियत |
|---|---|---|---|---|
| १. | प्रभा ढुंगाना | स.म.वि.नि. पाँचौं | म.वि.नि./अधिकृतस्तर छैटौं | तोकिएको योग्यता र सेवा अवधि पुगी तहवृद्धि सिफारिस समितिले बैठकवाट सिफारिस हुन आएको |

(ख) कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ८(१७) वमोजिम तह मिलान गरी पाऊँ भनी पूर्व निर्धारित समयसीमाभित्र यस कार्यालयमा प्राप्त भएका निवेदन र आवश्यक कागजातहरुको अध्ययन मनन् गरी ऐनको दफा २७(४) अनुसारको तहवृद्धि सिफारिस समितिले तपशीलमा उल्लेखित कर्मचारीहरुलाई तह मिलान गर्न नगर कार्यपालिकाको कार्यालयलाई मिति २०८१/०४/१४ गते सोमवारका दिन सिफारिस गरेको देखिदा निज कर्मचारीहरुलाई ऐ. ऐनको दफा ८ को उपदफा (१७) वमोजिम तह मिलान गर्न मनासिव देखिएकाले सो तह मिलान प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्ने गराउने भनी आजको कार्यपालिका वैठकवाट सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम, थर | लो.से.आ.बाट सिफारिस भै आएको पद/तह | सातौं तहमा तह मिलान हुने कारण | कैफियत |
|---|---|---|---|---|
| १. | सन्तोष कार्की | शिक्षा अधिकृत/छैटौ | यसै कार्यालयमा पदाधिकार रहेको | ८(१७) ले तह मिलान हुने |
| २. | द्रोण प्रसाद दाहाल | शिक्षा अधिकृत/छैटौ | यसै कार्यालयमा पदाधिकार रहेको | ८(१७) ले तह मिलान हुने |
| ३. | जीवन घिमिरे | अधिकृत/अधिकृत छैटौं | यसै कार्यालयमा पदाधिकार रहेको | ८(१७) ले तह मिलान हुने |

| | | | | |
|---|---|---|---|---|
| ४. | संगीता पोखरेल | अधिकृत / अधिकृत छैटौं | यसै कार्यालयमा पदाधिकार रहेको | ८(१७) ले तह मिलान हुने |
| ५. | सुवास गिरी | इन्जिनियर / अधिकृत छैटौं | यसै कार्यालयमा पदाधिकार रहेको | ८(१७) ले तह मिलान हुने |

(ग) तत्कालिन समयमा इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा अमिन ( सहायकस्तर चौथो) पदमा कार्यरत श्री मेनका जि.सी. (क.सं.नं.२४०३०६) ले भगवती माई गाउँपालिका दैलेखमा सरुवामा भई जानका नीम्ति सरुवा सहमति माग गर्नु भएको हुँदा निजलाई मिति: २०७८।०१।१४ मा प.सं. २०७७।०७८ को च.नं. ३३०२ बाट सहमती प्रदान गरीएकोमा निज मेनका जि.सि. हाल भगवती माई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय पग्नाम दैलेखमा कामकाज गर्दै आउनु भएकोमा कर्णाली प्रदेश स्थानीय सेवाको गठन सञ्चालन र सेवाको शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा १३६ को उपदफा २ (१) बमोजिम पदस्थापना सम्वन्धि विशेप व्यवस्था भए अनुसार पदाधिकार रहेको स्थानीय तह र कामकाज गरिरहेको भए अनुसार पदाधिकार रहेको स्थानीय तह र कामकाज गरिरहेको स्थानीय तहको कार्यपालिकाको पदस्थापनको लागि सहमति निर्णय संलग्न आवश्यक भएको भनि मेनका जि.सि. अमिन (सहायकस्तर चौथो) क.सं.नं. २४०३०६ ले इटहरी उपमहानगरपालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा मिति २०८१।०७।२७ मा निवदेन दिनु भएको हुँदा निजलाई हाल कार्यरत रहेको भगवती माई गाउँपालिका गाउँपालिकाको कार्यालय, पग्नाल, दैलखमा पदस्थापनाको लागि सरुवा सहमति प्रदान गर्ने निर्णय गरियो ।

(घ) तत्कालिन इटहरी नगरपालिकामा २०७१ सालदेखि फूलमालि पदमा कार्यरत दिप प्रकास राई, २०७६ सालदेखि हलुका सवारी चालक पदमा कार्यरत कृष्ण चौधरी र २०६४ सालदेखि सफाई कर्मचारी पदमा कार्यरत किशन डोमले कार्यालयको आवश्यकता अनुसार २०८०।०८।११ गतेदेखि २०८०।०९।१५ सम्म नगर प्रहरीको ३५ दिने आधारभूत आवासिय तालिममा सहभागी भई तालिम प्राप्त गरे पश्चात् २०८०।०९।१६ बाट नगर प्रहरी तर्फ कार्यालयको कामकाजमा खटाउदै आएको र हालसम्म निजहरु नगर प्रहरी तर्फ नै कामकाज गर्दै आएको र निजहरुले नगर प्रहरी जवानले पाए सरहको सेवा सुविधा पाउँ भनि निवेदन समेत दर्ता गराउनु भएकोले निजहरु नगर प्रहरीले २४ घण्टा कामकाज गरी आएकाले करार तर्फका नगर प्रहरी जवानले पाए सरहको सेवा सुविधा उपलब्ध गराई कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ३

इटहरी उपमहानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ को मस्यौदामा थप अध्ययन गरी आगामी कार्यपालिका वैठक छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरु, इटहरी अस्पताल, सवै स्वास्थ्य संस्थाहरुमा कार्यरत करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत सवै तहका कर्मचारीहरुको म्याद २०८१ माघ १ गतेदेखी २०८२ असार मसान्तसम्म ६ महिनाको लागि थप गर्ने निर्णय गरियो । साथै कर्मचारीको नामावली अनुसूचिमा संलग्न रहेको छ।

निर्णय नं. ५:

इटहरी उपमहानगरपालिकाको संगठन संरचना र दरवन्दीमा समावेश गर्ने गरी इटहरी उपमहानगरपालिका अन्तर्गत रहेका ४(चार) वटा स्वास्थ्य चौकीहरु (हाँसपोसा, पकली, एकम्वा र खनार) का लागि देहाय वमोजिमको मेडिकल अधिकृत तथा ईन्जिनियर मासिक ज्यालादारीमा आवश्यक प्रक्रिया पूरा गरी नियुक्त गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत | सातौं | ४ (चार) |
| २. | ईन्जिनियर (विल्डिङ एण्ड आर्किटेक) | छैठौं | १ (एक) |
| ३. | ईन्जिनियर (स्ट्रक्चरल) | छैठौं | १ (एक) |

निर्णय नं. ६

भौतिक पूर्वाधार विकास समिति र योजना महाशाखासँग छलफल गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

इटहरी उपमहानगरपालिकाको नगरसभा र कार्यपालिकावाट पारित, स्वीकृत भएका स्थानीय राजपत्रमा प्रकाशित हुन वाँकी सवै ऐन, नियम, कानुन नियमावली कार्यविधि, निर्देशिकाहरु स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

गत आ.व. २०८०।०८१ मा उपभोक्ता समितिद्वारा सम्पन्न गरी भुक्तानीका लागि कार्यालयमा पेश भएकाहरु प्राविधिक मूल्याकंनका आधारमा शत् प्रतिशत र भौतिक प्रगतीका आधारमा प्राविधिक मूल्याकंन वमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

इटहरी उपमहानगरपालिकाको हालसम्मको वेरुजु फछ्र्यौट गर्नका निम्ति आवश्यक प्रक्रियाको कार्य थालनी गर्नका निम्ति देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक - श्री राम चरित्र मेहता, प्रमुख प्रशासकीय अधिकृत

(२) सदस्य -

(३) सदस्य -

निर्णय नं. १०

मेशीनरी उपकरण सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत शाखा महाशाखाको हालसम्मको कार्य प्रगति १५ दिनभित्र पेश गर्ने निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र रहेका कुलो, पैनी तथा बाटोको मापदण्ड सम्बन्धमा इटहरी उपमहानगरपालिका क्षेत्रको नक्सामा रहेका चलन चल्तीमा रहेका सबै कुलो पैनीको स्थलगत रुपमा नापजाँज् गरी १ (एक) महिनाभित्रमा प्रतिवेदन पेश गर्नका निम्ति अमिन प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १३

इटहरी उपमहानगरपालिका वडा नं. ५ मा रहेको जनता बस्तीको बसोवास व्यवस्थापन सम्बन्धमा अध्ययन गर्नका निम्ती कार्यपालिकाद्वारा नगर प्रमुखज्यूको संयोजकत्वमा गठित समितिद्वारा आजको बैठकमा पेश भएको प्रतिवेदन ग्रहण गरी उक्त समिति वडा नं. ५ का जनप्रतिनिधि र सो कार्यमा खटिने कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दै उक्त प्रतिवेदन थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

इटहरी उपमहानगरपालिकाद्वारा तयार गरिएको कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक स्वीकृत गर्ने तथा छपाई तथा प्रकाशन सम्वद्ध आवश्यक कार्य अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. १५

आर्थिक वर्ष २०८१/०८२ मा संघीय सरकारको स्वीकृत वजेट तथा कार्यक्रम अनुसार वजेट उपशीर्षक नम्वर २.७.८.५ मा कार्यगत अभ्याससहितको तालिम सञ्चालन (६० जना) को लागि रु२२,७१,०००/- (अक्षरेपी: वाइस लाख एकहत्तर हजार मात्र) रकम विनियोजन भएको हुँदा आर्थिक वर्ष २०८१/०८२ को लागि प्रति विषय २० जनाको दरले तीन वटा विषयको लागि ६० जनाको लागि तालिम सञ्चालनको लागि तपशिलको विषय छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | विषयको नाम | तालिममा सहभागी | कैफियत |
|---|---|---|---|
| १. | Professional Cook | २० जना | |
| २. | Professional Building Electrician | २० जना | |
| ३. | Professional Motorcycle Mechanics | २० जना | |

निर्णय नं. १६

(क) देहाय वमोजिमका गरिव तथा जेहेन्दार विधार्थीहरुलाई मेडिकल शिक्षा अध्ययनका निम्ति देहाय वमोजिमका आर्थिक सहायता गर्ने निर्णय गरियो ।

| क.सं | विधार्थीको नाम थर | ठेगाना | सहयोग रकम रु |
|---|---|---|---|
| १. | सुवेच्छा खत्री | इटहरी-१०, सुनसरी | २ लाख |
| २. | सुरज सादा | इटहरी-१५, सुनसरी | १ लाख |
| ३. | युजन खड्का | इटहरी-१६, सुनसरी | १ लाख |

(ख) इटहरी उपमहानगरपालिको वाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९ लाई देहाय वमोजिमको संसोधन गर्ने निर्णय गरियो ।

| क.स. | पकिकरच्छेद/दफा / अनुसुची | विद्यामान अवस्था | संसोधन हुँदा हुने व्यहोरा | संसोधनको कारण |
|---|---|---|---|---|
| १. | अनुसुची २.११ग | मगज विग्रीएको वा वौलाहा नभएको । | मानसिक सन्तुलन गुमाएको | भाषा शव्दावली प्रयोग |
| २. | अनुसुची २ .१९ | .-यस वाल समूहले आफ्नो नामवाट एउटा कोपको व्यवस्था गर्ने छ । -वैक वा वित्तिय संस्थामा खाता संचालन गर्न समुहले अध्यक्ष,कोषाध्यक्ष र संरक्षकको नामवाट सञ्चालन गर्नु पर्नेछ । | वालक्लव/सञ्जालको नाममा आर्थिक दायित्व हुने गरि कार्य सञ्चालन हुने छैन । वाल क्लव तथा सञ्जालले गर्ने कार्यक्रमको आर्थिक दायित्व वालक्लवको निर्णयवाट वालक्लवका संरक्षक तथा सञ्जालको हकमा नगरपालिका वा वडाका सम्वन्धित पदाधिकारीहरुले जिम्मेवारी लिनुपर्नेछ । | परिच्छेद ४(१३) वालक्लव र वाल सञ्जालको आर्थिक दायित्व सम्वन्धि व्यवस्थामा वाल क्लव र सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोवार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले वालक्लव र सञ्जाललाई आर्थिक दायित्व दिन हुदैन भन्ने व्यवस्था रहेको । |

(ग) इटहरी संगित साधना प्रतिष्ठान इटहरी सुनसरीले माग गरे वमोजिम इटहरी २ (क) कि.नं. ६८ को क्षेत्रफल ०-८-५ (८ कठा ५ धुर) जग्गा नेपाल सरकारको नाममा दर्ता कायम रहेका जग्गा संगित साधाना प्रतिष्ठान निर्माणार्थ प्रचलित कानुन वमोजिम भोगाधिकारका सिफारिस गर्ने निर्णय गरियो ।

(घ) इटहरी-२ मा रहेको माया घर नेपालले भवन निर्माणका निम्ति साझेदारी सहयोगार्थ माग गरि वमोजिम चालु आ.व.को समपूरक कोपवाट रु २२ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरियो ।

(ङ) देहायक बमोजिमका व्यक्तिहरुलाई उपचारार्थ देहाय बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क.सं. | नाम थर | ठेगाना | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सार्थक चौधरी | इटहरी-१७, सुनसरी | १ लाख | |
| २. | लिला निरौला | इटहरी-५, सुनसरी | १ लाख | |
| ३. | मनिषा पौडेल | इटहरी-१, सुनसरी | १ लाख | |
| ४. | गोविन्द बहादुर अधिकारी | इटहरी-९, सुनसरी | ५० हजार | |
| ५. | बन्नी देवी राजधामी | इटहरी-२, सुनसरी | ५० हजार | |
| ६ | रिजन कुमार चौधरी | इटहरी-१४, सुनसरी | ५० हजार | |
| ७. | ज्योती नारायण चौधरी | इटहरी-१३, सुनसरी | उपचार खर्च रु. १ लाख र मृत्यु पश्चात् कर्मचारी दिइने रु. १ लाख गरी जम्मा २ लाख | अनुमोदन गरियो । |
| ८. | हरेन्द्र वुढाथोकी | इटहरी-१९, सुनसरी | मृत्यु पश्चात् कर्मचारी दिइने रु.५० हजार | अनुमोदन गरियो । |

२०८०/०३/१४